SThapa
सन्तोष कुमार थापा
अध्यक्ष

# माथागढी गाउँपालिकाको विनियोजन ऐन, २०७७

गाउँसभाबाट पारित मिति:२०७७।०३।१०

माथागढी गाउँपालिका
झडेवा, पाल्पा
५ नं. प्रदेश, नेपाल

SThapa
सन्तोष कुमार थापा
अध्यक्ष

Sthapa
सन्तोष कुमार थापा
अध्यक्ष

# माथागढी गाउँपालिकाको विनियोजन ऐन, २०७७

माथागढी गाउँकार्यपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७७।०३।१०

प्रस्तावना: माथागढी गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम माथागढी गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम " माथागढी गाउँपालिकाको विनियोजन ऐन, "२०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा माथि उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५३,०८,३७,०००।० (अक्षरुपी त्रिपन्न करोड आठ लाख सैतीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**नोटः गाउँ सभाबाट वार्षिक बजेट स्वीकृत भईसकेपछि विभिन्न निकायबाट हस्तान्तरित भई गाउँपालिकाको नाममा प्राप्त हुन आउने जुनसुकै रकम सम्बन्धित कार्यक्रमको लागी गाउँकार्यपालिकाले निर्णय गरी आगामी गाउँसभाबाट अनुमोदन गराउने गरी खर्च गर्न सकिनेछ।**

३. विनियोजन: (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त माथागढी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

Sthapa
सन्तोष कुमार थापा
अध्यक्ष

Sthapa
सन्तोष कुमार थापा
अध्यक्ष

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

Sthapa
सन्तोष कुमार थापा
अध्यक्ष

Sthapa
सन्तोष कुमार थापा
अध्यक्ष

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | २९,३१,१६ | १८,०५,७१ | ० | ४७,३६,८७ |
| २ | | वडा समिति | ६३,०५ | ५,०८,४५ | ० | ५,७१,५० |
| ३ | | बिषयगत शाखा | ० | ० | ० | ० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |

Sthapa
सन्तोष कुमार थापा
अध्यक्ष

सन्तोष कुमार थापा
अध्यक्ष

प्रमाणिकरण गर्नेको

दस्तखतः Sthapa

नामः सन्तोष कुमार थापा

पदः अध्यक्ष

पाना संख्या ४

प्रमाणित मितिः 2066/3/25